नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

प्रेस विज्ञप्ति

सरकारी लगानी व्यवस्थापन समितिको निर्णय

आज मिति २०८३/०८/११ गते माननीय अर्थमन्त्रीको अध्यक्षतामा सरकारी लगानी व्यवस्थापन समितिको १०३ औं बैठक अर्थ मन्त्रालयमा सम्पन्न भयो।

आजको बैठकमा गोरखकाली रबर उद्योग लिमिटेडको सरकारी लगानी व्यवस्थापन प्रक्रिया निर्धारण, प्रस्ताव आह्वान र मूल्याङ्कनका आधार तयार गर्न गठित उपसमितिले प्रतिवेदन बुझायो। विगत लामो समयदेखि बन्द रहेको यस उद्योगको पुनःसञ्चालन सम्बन्धी विश्लेषण सहित उपयुक्त विकल्प सिफारिस गरिएको उक्त प्रतिवेदन कार्यान्वयन प्रक्रियामा लैजाने निर्णय गरियो।

त्यस्तै, उक्त बैठकले नेपाल दूरसञ्चार कम्पनी लिमिटेड र विशाल बजार कम्पनी लिमिटेडको सेयर विनिवेश र निष्काशन गर्ने सम्बन्धमा अवलम्बन गर्नुपर्ने कानूनी प्रक्रिया सहित उपयुक्त प्रस्ताव सिफारिस गर्न माननीय सुशील खड्काको संयोजकत्वमा उपसमिति गठन गरेको छ।

अमृत लम्साल
सहसचिव एंव प्रवक्ता

मितिः २०८३ साल मंसिर ११ गते शुक्रबार।